सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित

# स्वतः प्रकाशन

## (Proactive Disclosure)

**२०८३ वैशाख देखि २०८३ असार मसान्तसम्म**




# लोक सेवा आयोग

## कमलपोखरी, काठमाडौँ

## १. आयोगको स्वरुप र प्रकृति

नेपालको संविधानको भाग २३ धारा २४२ को उपधारा (१) मा लोक सेवा आयोगको गठन सम्बन्धी व्यवस्था गरिएको छ । जसअनुसार लोक सेवा आयोगमा अध्यक्ष र अन्य चारजना सदस्य रहने प्रावधान छ । राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा लोक सेवा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने व्यवस्था छ । आयोगमा पदाधिकारी नियुक्त गर्दा आयोगका सदस्यहरूमध्ये कम्तीमा पचास प्रतिशत सदस्य बीस वर्ष वा सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याति प्राप्त गरेका व्यक्तिहरू मध्येबाट हुने व्यवस्था रहेको छ । हाल आयोगमा देहायका पदाधिकारीहरु रहनु भएको छ ।

१. अध्यक्ष श्री माधव प्रसाद रेग्मी

२. सदस्य श्री माधव वेल्वासे

३. सदस्य श्री वीर बहादुर राई

४. सदस्य श्री दिनेश सिलवाल

५. सदस्य श्री मन्जु कुमारी

उहाँहरु मिति २०७८/०३/१० मा आयोगको अध्यक्ष र सदस्य पदमा नियुक्ति हुनु भएको हो । आयोगका अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ बर्षको हुने व्यवस्था छ । मिति २०८३ असार ३ गते आयोगका अध्यक्ष अवकाश हुनु भएकाले सोही मिति देखि आयोगका जेष्ठ सदस्य श्री माधव बेल्बासे आयोगको कार्यवाहक अध्यक्ष हुनुहुन्छ ।

## २. आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको धारा २४३ मा आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम तोकिएको छः

(१) निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तव्य हुनेछ ।

<u>स्पष्टीकरणः</u> यस धाराको प्रयोजनका लागि “निजामती सेवाको पद” भन्नाले सैनिक वा नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपालको कर्मचारीको सेवाको पद तथा निजामती सेवाको पद होइन भनी ऐन बमोजिम तोकिएको अन्य सेवाको पद बाहेक नेपाल सरकारका अरु सबै सेवाको पद सम्झनु पर्छ ।

(२) निजामती सेवाको पद बाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य सङ्घीय सरकारी सेवा र सङ्गठित संस्थाको पदमा पदपूर्तिका लागि लिईने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्नेछ ।

<u>स्पष्टीकरणः</u> यस धाराको प्रयोजनका लागि “सङ्गठित संस्था” भन्नाले विश्वविद्यालय र शिक्षक सेवा आयोग बाहेकका पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, समिति वा सङ्घीय कानून बमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था सम्झनु पर्छ ।

(३) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र अन्य सङ्घीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ ।

(४) कुनै सङ्गठित संस्थाको सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ ।

(५) नेपाल सरकारबाट निवृत्तिभरण पाउने पदमा लोक सेवा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन ।

(६) देहायका विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछः-

(क) सङ्घीय निजामती सेवाको शर्त सम्बन्धी कानूनको विषयमा,

(ख) सङ्घीय निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ग) सङ्घीय निजामती सेवाको पदमा छ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) कुनै एक प्रकारको सङ्घीय निजामती सेवाको पदबाट अर्को प्रकारको सङ्घीय निजामती सेवाको पदमा वा अन्य सरकारी सेवाबाट सङ्घीय निजामती सेवामा सरुवा वा बढुवा गर्दा वा कुनै प्रदेशको निजामती सेवाको पदबाट सङ्घीय निजामती सेवाको पदमा वा सङ्घीय निजामती सेवाको पदबाट प्रदेश निजामती सेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ङ) लोक सेवा आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई लोक सेवा आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा, र

(च) सङ्घीय निजामती सेवाको कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा ।

(७) उपधारा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि धारा १५४ बमोजिमको न्याय सेवा आयोगको अधिकार क्षेत्रभित्र पर्ने विषयमा सोही बमोजिम हुनेछ ।

(८) लोक सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्य वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(९) लोक सेवा आयोगको अन्य काम, कर्तव्य र अधिकार सङ्घीय कानून बमोजिम हुनेछ ।

## ३ कार्यसम्पादनका सिद्धान्त

आयोगले सार्वजनिक प्रशासनलाई सक्षम र सुदृढ बनाउन योग्यता, निष्पक्षता, स्वच्छता र समान अवसर जस्ता आधारभूत सिद्धान्तहरू अवलम्बन गर्दै आएको छ। द्वि-अन्ध, परिचय-शून्यता र गोपनीयतामार्फत् चयन प्रक्रियालाई वस्तुनिष्ठ र विश्वसनीय बनाउँदै, समावेशीता र असंलग्नताको सिद्धान्तद्वारा राज्य संयन्त्रमा न्यायपूर्ण पहुँच र उच्च नैतिक मानक सुनिश्चित गर्नु नै आयोगको मुख्य ध्येय हो। आयोगले अवलम्बन गरेका मुख्य सिद्धान्त देहाय बमोजिम छन्:

### १. योग्यताको सिद्धान्त (Principle of Merit)

आयोगबाट सञ्चालन हुने परीक्षाहरूमा उच्चतम अङ्क प्राप्त गरी अग्रस्थानमा रहेका उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गरिन्छ । सम्बन्धित पदको कार्यसम्पादन गर्न आवश्यक पर्ने ज्ञान (Knowledge), सीप (Skills), मनोभाव (Attitude) आदिको परीक्षण गर्ने गरी पाठ्यक्रम निर्माण

हुने र सोही पाठ्यक्रम बमोजिम परीक्षा सञ्चालन हुने हुँदा नियुक्तिको लागि सिफारिस हुने उम्मेदवारले सो पदको कार्यसम्पादन गर्छन भन्ने विश्वास गरिन्छ ।

## २. निष्पक्षताको सिद्धान्त (Principle of Impartiality)

आयोगका निर्णय र परीक्षासम्बन्धी कामकारबाहीबाट कोही कसैलाई अन्याय नहुनेमा पूर्ण सजगता अपनाइन्छ । सबै उम्मेदवारलाई छनोट पक्रियामा समान व्यवहार गरिन्छ । कुनै पनि उम्मेदवारलाई निजको व्यक्तिगत गुण (Individual Characteristics) र सम्बद्धता (Affiliation) का आधारमा नभई निजको योग्यता र सक्षमताको आधारमा छनोट गर्ने गरिन्छ ।

## ३. स्वच्छताको सिद्धान्त (Principle of Fairness)

आयोगले आफ्ना कामकारबाही स्वच्छ, निष्पक्ष एवम् विश्वसनीय ढंगबाट सम्पादन गर्ने गर्दछ । आयोगका कामकारबाहीलाई स्वच्छ र विश्वसनीय एवम् विधि तथा प्रक्रियासम्मत बनाउन आयोगले लोक सेवा आयोग ऐन बमोजिम नियमावली र कार्यसञ्चालन निर्देशिका जारी गरी सोही बमोजिम कार्यसम्पादन गर्ने गर्दछ । आयोगका काममा कुनै पनि अवाञ्छित प्रभाव नपरोस् र विश्वसनियता थप अभिवृद्धि गर्न सकियोस् भन्ने विषयमा आयोग निरन्तर सजग एवम् संवेदनशील रहँदै आएको छ ।

## ४. समान अवसरको सिद्धान्त (Principle of Equal Opportunity)

निजामती लगायत अन्य सरकारी सेवामा प्रवेशका लागि योग्यता पुगेका सबै नेपाली नागरिकलाई आयोगबाट सञ्चालन हुने प्रतिस्पर्धात्मक परीक्षामा सहभागी हुन समान रूपमा अवसर प्रदान गरिन्छ । आयोगबाट भएका विज्ञापनमा तोकिएको योग्यता पुगेका प्रत्येक नेपाली नागरिकलाई दरखास्त पेश गर्ने र परीक्षाको माध्यमबाट छनोट हुने समान अवसरको सुनिश्चितता गरिएको छ ।

## ५. समावेशीताको सिद्धान्त (Principle of Inclusiveness)

संविधान र विद्यमान कानुनमा व्यवस्था भएबमोजिम समावेशी व्यवस्थाको कार्यान्वयनमार्फत् समावेशी र सहभागितामूलक राज्य निर्माणमा आयोग सदैव प्रतिबद्ध रही आएको छ । आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा संवैधानिक मार्गदर्शन तथा प्रचलित कानुनमा भएको व्यवस्था बमोजिम समावेशी समूहका लागि प्रतिशत निर्धारण गरी विज्ञापन प्रकाशन गर्ने र परीक्षाको माध्यमबाट समावेशी समूहका उम्मेदवारहरूलाई नियुक्तिका लागि सिफारिस गर्ने गर्दछ ।

## ६. द्विअन्धको सिद्धान्त (Principle of Double Blind)

पदपूर्ति प्रक्रियाको कुनै एक गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विज्ञ वा कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणमा संलग्न गराइँदैन र सो को जानकारी समेत दिइँदैन । उत्तरपुस्तिका परीक्षण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण गरेको हो, थाहा पाउँदैनन् । प्राप्ताङ्क तालिकीकरण गर्ने कर्मचारीसमेत कुन प्राप्ताङ्क कुन उम्मेदवारको हो भन्ने बारेमा पूर्णतः अनभिज्ञ रहन्छन् । नतिजा प्रकाशन गर्ने शाखाले सफल परीक्षार्थीहरूको नाम मात्र थाहा पाउँछ तर प्राप्ताङ्क थाहा पाउँदैन । अन्तर्वार्ता समितिका सदस्यहरू अन्तर्वार्ता लिँदै गरेको उम्मेदवारको लिखित परीक्षाको प्राप्ताङ्कका बारेमा पूर्णतः अनभिज्ञ रहन्छन् । त्यस्तै आयोगका हरेक महाशाखा/शाखाहरूलाई विशिष्टीकृत जिम्मेवारी प्रदान गरिएको हुन्छ । कुनै एक महाशाखा/शाखाको कार्यसम्पादनमा अर्को महाशाखा/शाखाको प्रत्यक्ष पहुँच र संलग्नता रहँदैन ।

## ७. परिचय–शून्यताको सिद्धान्त (Principle of Identity Masking)

उत्तरपुस्तिका परीक्षण गर्नु अघि दोहोरो सङ्केतीकरण (Double Coding) प्रक्रिया मार्फत् उत्तरपुस्तिकाबाट उम्मेदवारको विवरण समावेश भएको परिचय खुल्ने भाग अलग गरिन्छ । उत्तरपुस्तिका परीक्षण पश्चात् वैयक्तिक पहिचानविहीन रूपमा प्राप्ताङ्कको तालिका तयार

पारिन्छ । अन्तर्वार्ता र सक्षमता परीक्षणका लागि उम्मेदवारको नाम थाहा भएपनि लिखित परीक्षाको अङ्क गोप्य रहने हुन्छ । अन्तर्वार्ता लगायत छनोट प्रक्रियाका सम्पूर्ण परीक्षाका अङ्कहरू एकीकृत गरेपश्चात् मात्र अन्तिम नतिजा प्रकाशनका लागि छनोट हुने उम्मेदवारको वैयक्तिक पहिचान र निजले प्राप्त गरेको लिखित परीक्षाको अङ्क दुवै कोडको विसङ्केतीकरण (Decoding) पश्चात् मात्र जानकारी हुन्छ ।

**८. असंलग्नताको सिद्धान्त (Principle of Recusal)**

आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा आयोगका पदाधिकारी, कर्मचारी वा विषय विज्ञ/दक्षका नातेदार उम्मेदवार रहेमा त्यस्ता पदाधिकारी, कर्मचारी वा विषय विज्ञ/दक्षलाई उक्त परीक्षाको सुरुदेखि नतिजा प्रकाशनसम्मको सबै चरणको प्रक्रियाबाट अलग गराइन्छ, संलग्न गराइँदैन ।

**९. गोपनीयताको सिद्धान्त (Principle of Confidentiality)**

आयोगले परीक्षा प्रणालीलाई विश्वसनीय बनाउने प्रयोजनको लागि पदपूर्ति प्रक्रियाका विभिन्न चरणहरूमा गोपनीयता कायम गर्दछ । आयोगबाट लिइने विभिन्न परीक्षाका प्रश्नपत्रहरूको निर्माण, परिमार्जन र छनोटको कार्य पूर्ण गोप्य रहन्छ । आयोगको अनलाइन डाटावेसमा रहेका व्यक्तिगत उम्मेदवारको सूचनाहरू समेत गोप्य रहेको सुनिश्चित गरिन्छ । यसरी पदपूर्ति प्रक्रियाका चरणहरूमा पूर्ण गोपनीयताका साथै गुणस्तरीयता सुनिश्चित गरिन्छ ।

## ४. सङ्गठन संरचना र दरवन्दी विवरण

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५।०३।३२ को निर्णयानुसार आयोगको व्यवस्थापन सर्वेक्षण (O&M) प्रतिवेदन स्वीकृत भएको छ । जसअनुसार आयोगको १ केन्द्रीय कार्यालय र सो मातहत १५ वटा कार्यालय रहेका छन् । जसमध्ये सहसचिव कार्यालय प्रमुख हुने कार्यालय ७ ओटा र उपसचिव कार्यालय प्रमुख रहने कार्यालय ८ ओटा छन् । आयोगको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाडौंमा रहेको छ । आयोगको स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण अनुसार निम्न बमोजिम महाशाखा रहेका छन्ः

### ४.१. प्रशासन तथा निरीक्षण महाशाखा

१. आयोगको सामान्य प्रशासन सम्बन्धी,

२. कर्मचारी प्रशासनसम्बन्धी आयोग वा मातहतका कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन, पुरस्कार, सरुवा, बढुवा, विभागीय कारबाही, पदपूर्ति लगायतका कार्य,

३. सचिवालय तथा जनसम्पर्क व्यवस्थापन सम्बन्धी,

४. केन्द्रीय प्रतिनिधि खटनपटन र सुरक्षा निकाय तथा सङ्गठित संस्थामा प्रतिनिधि खटाउने सम्बन्धी,

५. आयोगको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) सङ्गठन तथा कार्यविधिमा गर्नुपर्ने सुधार सम्बन्धी,

६. आयोगको योजना तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी,

७. आर्थिक प्रशासनसम्बन्धी आयोग र मातहतका कार्यालयको बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, लेखा सञ्चालन, नगदी जिन्सी, राजस्व आदिको दुरुस्त हिसाव राख्ने, लेखा परीक्षण र लेखापरीक्षणबाट प्राप्त सुझाव कार्यान्वयन सम्बन्धी,

८. आयोग र मातहतका कार्यालयको भौतिक सम्पत्तिको अभिलेख व्यवस्थापन, संरक्षण र मर्मत संभार सम्बन्धी,

९. आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्ने सम्बन्धी,

१०. आयोगको सूचना तथा प्रकाशन सम्बन्धी,

११. पदपूर्ति गर्ने निकाय र आयोगका मातहतका कार्यालयको अनुगमन/निरीक्षण र अनुगमन/निरीक्षणबाट प्राप्त सुझाव कार्यान्वयन सम्बन्धी,

१२. आयोगबाट गरिने पदपूर्तिसम्बन्धी कार्यको वार्षिक कार्यतालिका तयार, मागको आकृति फाराम सङ्कलन, प्रतिशत निर्धारण, विज्ञापन प्रकाशन सम्बन्धी,

१३. आयोगबाट सञ्चालन गरिने सूचना सञ्चार प्रविधिसम्बन्धी कार्यको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी,

१४. आयोगको केन्द्रीय कार्यालय र मातहतका कार्यालय, नेपाल सरकारका विभिन्न निकाय, प्रदेश लोक सेवा आयोगहरु र विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ/संस्थाहरुसँग समन्वय सम्बन्धी,

१५. आयोगको प्रवक्ताको काम गर्ने,

१६. कार्यालयको सुरक्षा व्यवस्था, पालो पहरा, सरसफाई लगायतका कार्य,

१७. महाशाखासँग सम्बन्धित अभिलेख व्यवस्थापनसम्बन्धी,

१८. आयोगको कुनै महाशाखा/शाखालाई नतोकिएका अन्य कार्य,

१९. तोकिए बमोजिमका अन्य कार्य ।

## ४.२ परीक्षा महाशाखा

१. कच्चा प्रश्नपत्र सङ्कलन र व्यवस्थापन सम्बन्धी,

२. परीक्षाका लागि आवश्यक पर्ने जनशक्तिको अद्यावधिक सूची तयारी सम्बन्धी,

३. परीक्षा केन्द्र तोक्ने र आवश्यक जनशक्ति खटनपटन सम्बन्धी,

४. निजामती र आयोगको निर्णय बमोजिम सुरक्षा निकायतर्फको लिखित परीक्षा सञ्चालन र व्यवस्थापन सम्बन्धी,

५. लिखित परीक्षाको उत्तरपुस्तिका सङ्कलन, प्रथम सङ्केतीकरण, नतिजा तयारी सम्बन्धी,

६. निजामती तथा आयोगको निर्णय बमोजिम सुरक्षा निकायको लिखित परीक्षाको नतिजा प्रकाशन सम्बन्धी,

७. विषय विज्ञ वा दक्षहरुको अद्यावधिक सूचि तयार सम्बन्धी,

८. लिखित परीक्षाका उत्तरपुस्तिका व्यवस्थापन सम्बन्धी,

९. परीक्षा सञ्चालन, नतिजा तयारी, नतिजा प्रकाशन लगायत परीक्षासँग सम्बन्धित विषयमा मातहतका कार्यालय तथा सम्बन्धित सुरक्षा निकायसँग समन्वय सम्बन्धी,

१०. लिखित परीक्षालाई थप अनुशासित, मर्यादित, व्यवस्थित, बैज्ञानिक र वस्तुगत बनाउन सुझाव प्रस्तुत गर्ने सम्बन्धी,

११. महाशाखासँग सम्बन्धित अभिलेख अद्यावधिक सम्बन्धी,

१२. तोकिए बमोजिमका अन्य कार्य ।

## ४.३ अन्तर्वार्ता तथा सिफारिस महाशाखा

१. विषय विज्ञ वा दक्षको सूचि अद्यावधिक सम्बन्धी,

२. प्रश्नपत्र परिमार्जनसम्बन्धी कार्यको आवश्यक समन्वय सम्बन्धी,

३. प्रश्नपत्र भण्डारण (Question Bank) को व्यवस्थापन सम्बन्धी,

४. प्रश्नपत्र छपाईसम्बन्धी कार्यको समन्वय सम्बन्धी,

५. जगेडा प्रश्नपत्रहरु धुल्याउने सम्बन्धी,

६. अन्तर्वार्ता सञ्चालन सम्बन्धी,

७. वैकल्पिक र अस्थायी सिफारिस सम्बन्धी,

८. अन्तर्वार्ताका लागि छनोट भएका उम्मेदवारको दरखास्त फाराम अन्तिम स्वीकृती गराउने सम्बन्धी,

९. महाशाखासँग सम्बन्धित अभिलेख व्यवस्थापन सम्बन्धी,

१०. तोकिए बमोजिमका अन्य कार्य ।

## ४.४ परीक्षण प्रविधि, अनुसन्धान तथा पाठ्यक्रम महाशाखा

१. परीक्षण प्रविधि र परीक्षा प्रणालीमा वैज्ञानिक एवम् समसामयिक सुधारका निम्ति अध्ययन, अनुसन्धान सम्बन्धी,

२. आयोगबाट हुने परीक्षाका पाठ्यक्रम निर्माण एवम् परिमार्जन सम्बन्धी,

३. मनोवैज्ञानिक, व्यक्तित्व र व्यवहारिक परीक्षण सम्बन्धी नवीनतम् प्रविधिको अध्ययन/ अनुसन्धान सम्बन्धी,

४. शैक्षिक योग्यता तथा शैक्षिक उपाधी सम्बन्धमा देखिएको द्विविधा र परामर्श सम्बन्धी,

५. राजपत्राङ्कित प्रथम, द्वितीय र तृतीय श्रेणीको मामिला प्रस्तुतीकरण, इन बास्केट अभ्यास, समस्या समाधान र मनोबैज्ञानिक परीक्षण सम्बन्धमा व्यवस्थापकीय कार्य,

६. विषय विज्ञ वा दक्षको सूचि अद्यावधिक गर्ने सम्बन्धी,

७. राजपत्राङ्कित तृतीय श्रेणीको सामूहिक छलफल (Group Discussion) का विषयका लागि विषय विज्ञ वा दक्ष मनोनयन गराउने र विषय सङ्कलन सम्बन्धी,

८. पुस्तकालय व्यवस्थापन सम्बन्धी,

९. महाशाखासँग सम्बन्धित अभिलेख व्यवस्थापन सम्बन्धी,

१०. तोकिए बमोजिमका अन्य कार्य ।

## ४.५ कानून महाशाखा

१. सङ्घीय निजामती सेवाको शर्तसम्बन्धी कानुन तथा सो सेवा वा सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषय र सेवा परिवर्तनका सम्बन्धमा परामर्श दिने विषयमा आयोगमा प्रस्ताव पेश गरी निर्णय गराउने सम्बन्धी,

२. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र अन्य संघीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श दिने सम्बन्धमा आयोगमा प्रस्ताव पेश गरी निर्णय गराउने सम्बन्धी,

३. सङ्गठित संस्थाका सेवाका कर्मचारीको सेवाका शर्तसम्बन्धी कानून र त्यस्तो सेवाका पदमा नियुक्ति, बढुवा र विभागीय सजाय गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श दिने सम्बन्धमा आयोगमा प्रस्ताव पेश गरी निर्णय गराउने सम्बन्धी,

४. विभिन्न निकायबाट प्रकाशित बढुवा सिफारिस सूचना सङ्कलन तथा अभिलेख अद्यावधिक गराई माग भए बमोजिमको सूचना उपलब्ध गराउने सम्बनधमा कानून महाशाखा अन्तर्गतका शाखाहरुलाई निर्देशन दिने सम्बन्धी,

५. सङ्घीय निजामती सेवा तथा संघीय कानूनले तोकेका अन्य सेवाका कर्मचारीको बढुवा सिफारिस उपर पर्न आएका उजूरीका सम्बन्धमा आयोगमा प्रस्ताव पेश गरी निर्णय गराउने सम्बन्धी,

६. सङ्घीय निजामती सेवाको कर्मचारीलाई दिइने विभागीय सजायका सम्बन्धमा आयोगमा प्रस्ताव पेश गरी निर्णय गराउने सम्बन्धी,

७. आयोगको ऐन, नियम, निर्देशिका, कार्यविधि आदिको समय सापेक्ष सुधारका लागि मस्यौदा तर्जुमा गर्ने/गराउने सम्बन्धी,

८. आयोगकातर्फबाट पेश गर्नुपर्ने र आयोगका विरुवामा परेका निवेदन, पुनरावेदन, पुनरावलोकन लगायतका विषयमा लिखतको मस्यौदा तयार गर्ने/गराउने सम्बन्धी,

९. आयोगका तर्फबाट पेश भएका र आयोगका विरुवामा परेका निवेदन, पुनरावेदन, पुनरावलोकन लगायतका विषयका सम्बन्धमा लिखत तयार गरी पेश गर्ने, प्रतिरक्षा र वहस पैरवी लगायतका आवश्यक कारवाही गर्ने सम्बन्धी,

१०. आयोगको काम, कर्तव्य र अधिकार प्रत्यायोजन सम्बन्धमा पेश गर्ने सम्बन्धी,

११. आयोगको कार्यक्षेत्रभित्र पर्ने नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि समेतको अध्ययन गरी समय सापेक्ष सुधारका लागि मस्यौदा पेश गर्ने सम्बन्धी,

१२. आयोगलाई कानुनी परामर्श दिने, आयोगको कार्य क्षेत्रभित्र पर्ने नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि समेतको कार्यान्वयनमा परेका द्विविधाका सम्बन्धमा कानूनी राय प्रदान गर्ने सम्बन्धी,

१३. अदालत तथा विभिन्न निकायबाट आयोगका कामकारवाहीका सम्बन्धमा भएका फैसला तथा आदेशको सम्बन्धित शाखाबाट कार्यान्वयन गर्ने/गराउने सम्बन्धी,

१४. महाशाखासँग सम्बन्धित अभिलेख व्यवस्थापन सम्बन्धी,

१५. महाशाखालाई निर्दिष्ट/तोकिए बमोजिमका अन्य कार्य ।

## ४.६ सुरक्षा निकाय तथा सङ्गठित संस्था महाशाखा

१. सङ्गठित संस्थाको पदपूर्तिसम्बन्धी वार्षिक कार्यतालिका तयारीको लागि आवश्यक संयोजन तथा समन्वय सम्बन्धी,

२. सङ्गठित संस्थाको रिक्त पदमा पदपूर्तिको लागि सहमति प्रदान सम्बन्धी,

३. कच्चा प्रश्नपत्र सङ्कलन र व्यवस्थापन सम्बन्धी,

४. परीक्षाका लागि आवश्यक पर्ने जनशक्तिको अद्यावधिक सूची तयार सम्बन्धी,

५. परीक्षा केन्द्र तोक्ने र परीक्षामा आवश्यक जनशक्ति खटन पटन सम्बन्धी

६. सङ्गठित संस्थातर्फको लिखित परीक्षा सञ्चालन र व्यवस्थापन सम्बन्धी,

७. लिखित परीक्षाको उत्तरपुस्तिका सङ्कलन, प्रथम सङ्केतीकरण, नतिजा तयारी सम्बन्धी,

८. सङ्गठित संस्थाको लिखित परीक्षाको नतिजा प्रकाशन सम्बन्धी,

९. विषय विज्ञ वा दक्षहरुको अद्यावधिक सूचि तयारी सम्बन्धी,

१०. लिखित परीक्षाका उत्तरपुस्तिका व्यवस्थापन सम्बन्धी,

११. परीक्षा सञ्चालन, नतिजा तयारी, नतिजा प्रकाशन लगायत परीक्षासँग सम्बन्धित विषयमा मातहतका कार्यालय तथा सम्बन्धित सुरक्षा निकायसँग समन्वय सम्बन्धी,

१२. लिखित परीक्षालाई थप अनुशासित, मर्यादित, व्यवस्थित, बैज्ञानिक र वस्तुगत बनाउन सुझाव प्रस्तुत गर्ने सम्बन्धी,

१३. महाशाखासँग सम्बन्धित अभिलेख व्यवस्थापन सम्बन्धी,

१४. तोकिए बमोजिमका अन्य कार्य ।

## आयोगका कार्यालयको विवरण

| क्र.सं. | रा.प.प्रथम श्रेणी प्रमुख हुने कार्यालयहरु | क्र.सं. | रा.प.द्वितीय श्रेणी प्रमुख हुने कार्यालयहरु |
|---|---|---|---|
| १. | लोक सेवा आयोग, धनकुटा कार्यालय | १. | लोक सेवा आयोग, इलाम कार्यालय |
| २. | लोक सेवा आयोग, जलेश्वर कार्यालय | २. | लोक सेवा आयोग, खोटाङ कार्यालय |
| ३. | लोक सेवा आयोग, काठमाडौं कार्यालय | ३. | लोक सेवा आयोग, हेटौंडा कार्यालय |
| ४. | लोक सेवा आयोग, पोखरा कार्यालय | ४. | लोक सेवा आयोग, बागलुङ कार्यालय |
| ५. | लोक सेवा आयोग, बुटवल कार्यालय | ५. | लोक सेवा आयोग, दाङ कार्यालय |
| ६. | लोक सेवा आयोग, सुर्खेत कार्यालय | ६. | लोक सेवा आयोग, जुम्ला कार्यालय |
| ७. | लोक सेवा आयोग, दिपायल कार्यालय | ७. | लोक सेवा आयोग, महेन्द्रनगर कार्यालय |
| | | ८. | दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर, काठमाडौं |

आयोगको कूल स्वीकृत दरवन्दी ३९९ जना रहेको छ जसमा १३१ जना राजपत्राङ्कित, १६१ जना राजपत्र अनङ्कित र १०७ जना श्रेणी विहिन कर्मचारी रहेका छन् । आयोगको केन्द्रीय कार्यालयमा जम्मा १९३ दरवन्दी रहेको छ जसमा ८२ राजपत्राङ्कित, ७३ जना राजपत्र अनङ्कित र ३८ जना श्रेणी विहीन कर्मचारी रहेका छन् ।

## स्वीकृत दरवन्दी सम्बन्धी विवरण

| सि.नं. | कार्यालयको नाम | स्वीकृत दरबन्दी संख्या | कार्यरत कर्मचारी संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | जम्मा | |
| १. | लोक सेवा आयोग, केन्द्रीय कार्यालय | १९३ | १६८ | २५ | १९३ | |
| २. | लोक सेवा आयोग, धनकुटा कार्यालय | १५ | ११ | २ | १३ | कर्मचारी सरुवा, बढुवाको कारण केही समय पदहरु रिक्त तथा पूर्ति हुने क्रम भइरहने |
| ३. | लोक सेवा आयोग, जलेश्वर कार्यालय | १५ | ११ | ३ | १४ | |
| ४. | लोक सेवा आयोग, काठमाडौं कार्यालय | २७ | २३ | ३ | २६ | |
| ५. | लोक सेवा आयोग, पोखरा कार्यालय | १५ | १२ | ३ | १५ | |
| ६. | लोक सेवा आयोग, बुटवल कार्यालय | १५ | ११ | ४ | १५ | |
| ७. | लोक सेवा आयोग, सुर्खेत कार्यालय | १५ | १० | ४ | १४ | |
| ८. | लोक सेवा आयोग, दिपायल कार्यालय | १५ | १२ | २ | १४ | |
| ९. | लोक सेवा आयोग, इलाम कार्यालय | ११ | ६ | २ | ८ | |
| १०. | लोक सेवा आयोग, खोटाङ कार्यालय | ११ | ६ | ४ | १० | |
| ११. | लोक सेवा आयोग, हेटौंडा कार्यालय | ११ | ५ | २ | ७ | |
| १२. | लोक सेवा आयोग, बागलुङ कार्यालय | ११ | ७ | ३ | १० | |
| १३. | लोक सेवा आयोग, दाङ कार्यालय | ११ | ३ | ४ | ७ | |
| १४. | लोक सेवा आयोग, जुम्ला कार्यालय | ११ | ४ | ३ | ७ | |
| १५. | लोक सेवा आयोग, महेन्द्रनगर कार्यालय | ११ | ४ | २ | ६ | |
| १६. | दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर | १२ | ८ | ३ | ११ | |

## ४. केन्द्रीय कार्यालयमा सेवा प्रदान गर्ने निकायको महाशाखा, शाखा र जिम्मेवार अधिकारी

| क्र.सं. | महाशाखा र महाशाखा प्रमुखको नाम | शाखाको नाम | शाखा प्रमुखको नाम |
|---|---|---|---|
| १. | प्रशासन तथा निरीक्षण महाशाखा<br>सहसचिव<br>श्री पुरुषोत्तम शर्मा | क) सूचना तथा प्रकाशन शाखा | श्री देवीप्रसाद सुवेदी |
| | | ख) प्रशासन शाखा | श्री चुरामणी मरासिनी |
| | | ग) आर्थिक प्रशासन शाखा | श्री हिरा न्यौपाने |
| | | घ) सूचना सञ्चार प्रविधि शाखा | श्री रमेशराज सुवेदी |

| | | | |
|---|---|---|---|
| २. | अन्तर्वार्ता तथा सिफारिस महाशाखा<br>सहसचिव<br>श्री पुरुषोत्तम शर्मा | क) प्रश्नपत्र परिमार्जन शाखा | श्री दुर्गाप्रसाद पराजुली |
| | | ख) अन्तर्वार्ता तथा सिफारिश शाखा | श्री दिपक खड्का |
| | | ग) प्रश्नपत्र परिमार्जन शाखा (सुरक्षा निकाय तथा सङ्गठित संस्था) | श्री वीरेन्द्रबहादुर स्वाँर |
| ३. | परीक्षा महाशाखा<br>सहसचिव<br>श्री तेजप्रसाद दाहाल | क) परीक्षा सञ्चालन शाखा | श्री कुलप्रसाद सापकोटा |
| | | ख) लिखित परीक्षा नतिजा तयारी शाखा (अप्राविधिक) | श्री दीपक कोइराला |
| | | ग) लिखित परीक्षा नतिजा तयारी शाखा (प्राविधिक) | श्री सुशिला पौडेल ढकाल |
| | | घ) लिखित परीक्षा नतिजा प्रकाशन शाखा | श्री उमेशकुमार पोखरेल |
| ४. | परीक्षण प्रविधि, अनुसन्धान तथा पाठ्यक्रम महाशाखा<br>मुख्य मनोविज्ञानवेत्ता<br>श्री कृष्ण जि.सी. | क) परीक्षण प्रविधि शाखा | श्री सर्मुनलाल शाक्य |
| | | ख) पाठ्यक्रम तथा मूल्याङ्कन शाखा | - |
| | | ग) अनुसन्धान तथा विकास शाखा | श्री अर्जुनप्रसाद रेग्मी |
| ५. | कानून महाशाखा<br>सहसचिव<br>श्री किशोरकुमार चौधरी | क) नीति नियम तथा अभिलेख शाखा | श्री नारायणप्रसाद ज्ञवाली |
| | | ख) उजुरी तथा विभागीय सजाय परामर्श शाखा | श्री श्रद्धा रिजाल* |
| ६. | सुरक्षा निकाय तथा सङ्गठित संस्था महाशाखा<br>सहसचिव<br>डा. मुक्तिप्रसाद पाण्डे | क) लिखित परीक्षा सञ्चालन शाखा | श्री युवराज पोखरेल |
| | | ख) लिखित परीक्षा नतिजा तयारी शाखा | श्री निरञ्जन श्रेष्ठ |
| | | ग) लिखित परीक्षा नतिजा प्रकाशन शाखा | श्री रेवतीरमण पोखरेल |

आयोग मातहतका अन्य कार्यालयको स्वीकृत सङ्गठन संरचनामा पनि प्रशासन तथा निरीक्षण, परीक्षा सञ्चालन, अन्तर्वार्ता तथा सिफारिस शाखाहरु रहेका छन् ।

* मिति २०८३ असार २४ गते हाजिर हुनु भएको । सो अवधीसम्म उपसचिव श्री सन्तोष तिमल्सिना कार्यरत रहनु भएको ।

## ५. आयोगबाट प्रदान गरिने सेवा

१. वार्षिक कार्यतालिका प्रकाशन
२. माग पद संकलन
३. प्रतिशत निर्धारण
४. शैक्षिक योग्यता एवं पाठ्यक्रम निर्माण, परिमार्जन र संशोधन
५. विज्ञापन प्रकाशन
६. दरखास्त संकलन
७. प्रश्नपत्र निर्माण र परिमार्जन
८. प्रतियोगितात्मक लिखित परीक्षा सञ्चालन
९. उत्तरपुस्तिकामा दोहोरो कोडिङ्ग
१०. उत्तरपुस्तिका परीक्षण
११. लिखित नतिजा प्रकाशन
१२. प्रयोगात्मक परीक्षा तथा सीप परीक्षण (प्रयोगात्मक परीक्षा तथा सीप परीक्षण हुने पदहरुका लागि)

१३. सामूहिक परीक्षण (सामूहिक परीक्षण हुने पदहरुका लागि)
१४. अन्तर्वार्ता
१५. सिफारिस
१६. बढुवा सम्बन्धी उजूरीमा आवश्यक छानविन गरी आवश्यक निर्णय गर्ने
१७. रिक्त पदहरुको नियुक्ति, पदस्थापना लगायतका विषयमा निरीक्षण गर्ने ।

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

आयोगद्वारा प्रदान गरिने विभिन्न सेवा प्राप्त गर्नका लागि देहाय बमोजिम दस्तुर बुझाउनु पर्ने व्यवस्था गरिएको छ ।

**(क) <u>परीक्षा दस्तुर</u>**

लोक सेवा आयोग नियमावली, २०७९ को नियम १२ को उपनियम (२), नियम १५ को उपनियम (२), नियम १९ को उपनियम (१), नियम ३५ को उपनियम (१), नियम ३९ को उपनियम (४), नियम ५६ को उपनियम (७), नियम ५७ को उपनियम (४) र नियम ५८ को उपनियम (१) बमोजिम अनुसूची-२ मा उल्लेख भए अनुसार आयोगबाट प्रकाशन भएका विज्ञापनमा दरखास्त दिने उम्मेदवारले देयहा बमोजिम परीक्षा दस्तुर बुझाउनु पर्ने व्यवस्था गरिएको छ ।

| क्र.सं. | तह/श्रेणी | दस्तुर (रु.) |
|---|---|---|
| १. | राजपत्राङ्कित प्रथम श्रेणी/एघारौं र बाह्रौं तह | २५००/- |
| २. | राजपत्राङ्कित द्वितीय श्रेणी/नवौं र दशौं तह | २०००/- |
| ३. | राजपत्राङ्कित तृतीय श्रेणी/छैठौं, सातौं र आठौं तह | १२००/- |
| ४. | राजपत्र अनङ्कित प्रथम श्रेणी/पाँचौं तह | ७००/- |
| ५. | राजपत्र अनङ्कित द्वितीय श्रेणी/चौथो तह/टाइपिष्ट | ५००/- |
| ६. | राजपत्र अनङ्कित तृतीय श्रेणी/तृतीय तह | ४००/- |
| ७. | राजपत्र अनङ्कित चतुर्थ श्रेणी | ३००/- |
| ८. | सवारी चालक | २५०/- |
| ९. | कार्यालय सहयोगी | २००/- |

समान श्रेणी/तहको विभिन्न पदको संयुक्त परीक्षा हुने गरी विज्ञापन भएकोमा प्रति थप समूह/पत्रको लागि निम्न बमोजिमको थप परीक्षा दस्तुर तोकिएको छः

| क्र.सं. | तह/श्रेणी | दस्तुर (रु.) |
|---|---|---|
| १. | राजपत्राङ्कित प्रथम श्रेणी/एघारौं र बाह्रौं तह | ६००/- |
| २. | राजपत्राङ्कित द्वितीय श्रेणी/नवौं र दशौं तह | ५००/- |
| ३. | राजपत्राङ्कित तृतीय श्रेणी/छैठौं, सातौं र आठौं तह | ४००/- |
| ४. | राजपत्र अनङ्कित प्रथम श्रेणी/पाँचौं तह | २००/- |
| ५. | राजपत्र अनङ्कित द्वितीय श्रेणी/चौथो तह | १५०/- |
| ६. | राजपत्र अनङ्कित तृतीय श्रेणी/तृतीय तह | १००/- |
| ७. | श्रेणीविहीन | १००/- |

### (ख) विविध दस्तुर

| क्र.सं. | तह/श्रेणी | दस्तुर (रु.) |
|---|---|---|
| १. | प्रवेश पत्रको प्रतिलिपि | १००/- |
| २. | छुट वा अग्रीम अन्तर्वार्ता (किरिया बस्नु पर्ने वा सुत्केरी भएको अवस्था बाहेक) | राजपत्राङ्कित पदको लागिः ३०००/-<br>राजपत्र अनङ्कित पदको लागिः १०००/- |
| ३. | बढुवा उजूरी | राजपत्राङ्कित पदको लागिः ३०००/-<br>राजपत्र अनङ्कित पदको लागिः १५००/- |
| ४. | प्राप्ताङ्क पुनर्योग | परीक्षा दस्तुरको आधा रकम |
| ५. | परीक्षा केन्द्र परिवर्तन | परीक्षा दस्तुरको आधा रकम |

## ७. सूचना प्राप्त गर्ने कार्यविधि, निर्णय गर्ने प्रक्रिया र अधिकारी

### (क) सूचना माग गर्ने प्रक्रिया

१. कुनै सूचना माग गर्न चाहने नेपाली नागरिकले त्यस्तो सूचना माग गर्नुपर्ने कारण खुलाई आयोगको सूचना अधिकारी समक्ष निवेदन दिनुपर्ने छ,

२. निवेदकले माग गरे बमोजिमको सूचना तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको भएमा सूचना अधिकारीले कारण सहित सूचना उपलब्ध गराउने समय तोकी सोको जानकारी निवेदकलाई गराइनेछ,

३. सूचना अधिकारी समक्ष माग गरिएको सूचना आफूभन्दा माथिल्लो तहबाट निर्णय गराउनु पर्ने भएमा सो को जानकारी सूचना मागकर्तालाई तत्काल गराई १५ दिनभित्र सूचना माग निवेदन उपर भएको निर्णय उपलब्ध गराइनेछ,

४. सूचना मागकर्ताले माग गरेको विवरण स्थलगत भ्रमणबाट दिन सकिने अवस्था भएमा सूचना अधिकारीलाई स्थलगत भ्रमण गरी प्रतिवेदन पेश गर्न लगाउन सकिनेछ । यसरी भ्रमण गरीसकेपछि भ्रमणमा खटिने पदाधिकारीले माग सूचनाको सम्बन्धमा प्रतिवेदन पेश गर्नुपर्नेछ । प्राप्त प्रतिवेदनका आधारमा निर्णय गराउन आवश्यक भए निर्णय गराई र निर्णय गराउन आवश्यक नभए सोझै सूचना अधिकारीले आवश्यकता अनुसारको सूचना मागकर्तालाई उपलब्ध गराइनेछ,

५. लोक सेवा आयोगको ऐन, नियम तथा निर्देशिकाले सूचना प्रवाह गर्न नमिल्ने, गोप्य रहने भनी तोकिएको विषयमा सूचना प्रवाह गरिने छैन,

६. अन्य विषयको निर्णय विषयको कार्यप्रकृति अनुसार टिप्पणी, समूह प्रतिवेदन, छलफल आदिका आधारमा हुने गर्दछ ।

### (ख) निर्णय गर्ने अधिकारी

१. सूचनासँग सम्बन्धित विषयको प्रकृति अनुसार आयोगका सचिव एवम् आयोग

## ८. सूचना अधिकारीले उपलब्ध गराएको सूचना उपर उजुरी सुन्ने अधिकारी

१. सचिव श्री रामेश्वर दंगाल

## ९. सम्पादन गरेको कामको विवरण (२०८३ वैशाख देखि २०८३ असार मसान्तसम्म)

### (क) लिखित परीक्षा सञ्चालन

**निजामती सेवा, स्वास्थ्य सेवा, सङ्घीय संसद सेवा र राष्ट्रिय मानव अधिकार सेवा**

- राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) र राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (प्रा./अप्रा.) पदको लिखित परीक्षा सञ्चालन भएको छ । जसमा १५२३ जना महिला र ४७६२ पुरुष गरी जम्मा ६२८५ जना उम्मेदवार सहभागी भएका छन् ।
- नेपाल स्वास्थ्य सेवातर्फको एघारौँ, आठौँ र सातौँ तहका विभिन्न पदहरुको लिखित परीक्षा सञ्चालन भएको छ । जसमा ११९१ महिला, ६४४ पुरुष गरी जम्मा १८३५ जना उम्मेदवार सहभागी भएका छन् ।

**सुरक्षा निकाय तथा सङ्गठित संस्था**

- नेपाली सेना र सशस्त्र प्रहरी बल नेपालको अधिकृतस्तर र सहायकस्तरका विभिन्न पदको लिखित परीक्षा सम्पन्न भएको छ । जसमा २४११ कूल परीक्षार्थी मध्ये ४५९ महिला र १५२३ पुरुष गरी जम्मा १९८२ जना उम्मेदवार उपस्थित भएका छन् ।
- कर्मचारी सञ्चय कोष, गोरखापत्र संस्थान, नागरिक लगानी कोष, निक्षेप तथा कर्जा सुरक्षण कोष, नेपाल बैंक लमिटेड, नेपाल विद्युत प्राधिकरण, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पूर्वाञ्चल विश्वविद्यालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, सामाजिक सुरक्षा कोष, सुदूरपश्चिम विश्वविद्यालय तथा कोष समूह र वाणिज्य बैंक समूहको तह-४ को संयुक्त परीक्षा सम्पन्न भएका छन् । जसमा ८७०३४ जना परीक्षार्थी रहेकामा २०६०९ महिला, १७५९० पुरुष गरी जम्मा ३८१९९ जना परीक्षार्थी उपस्थित भएका छन् ।

### (ख) सिफारिस

**निजामती सेवा, स्वास्थ्य सेवा, सङ्घीय संसद सेवा र राष्ट्रिय मानव अधिकार सेवा**

२०८३ वैशाख देखि २०८३ असार मसान्तसम्म देहाय बमोजिमका सेवा, समूह र श्रेणीका पदमा सिफारिस सम्पन्न भएको छ । जसमा विभिन्न सेवा, समूह र श्रेणीका ७ सय १० जना उम्मेदवार सिफारिस भएका छन् । सिफारिस भएका उम्मेदवारको सेवा, समूह र श्रेणी निम्नानुसार रहेको छ:

- नेपाल प्रशासन सेवा, नेपाल लेखापरीक्षण सेवा, सङ्घीय संसद सेवा र नेपाल न्याय सेवा, कानुन समूह, राजपत्राङ्कित प्रथम श्रेणी (अप्राविधिक), सहसचिव वा सो सरह,
- नेपाल इञ्जिनियरिङ सेवा, जियोलोजी समूह, राजपत्राङ्कित प्रथम श्रेणी (प्राविधिक), सहसचिव वा सो सरह,
- नेपाल इञ्जिनियरिङ सेवा, विभिन्न समूह/उपसमूह, नेपाल कृषि सेवा, विभिन्न समूह, नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह र नेपाल विविध सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी (प्राविधिक), उपसचिव वा सो सरह,
- स्वास्थ्य सेवाका विभिन्न समूह/उपसमूह, नवौं तह
- नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूह, नेपाल इञ्जिनियरिङ सेवा, सिभिल समूहका विभिन्न उपसमूह, राजपत्राङ्कित तृतीय श्रेणी (प्राविधिक), शाखा अधिकृत वा सो सरह,

### (ग) विभागीय सजायको लागि परामर्श पठाइएको संख्याः ९ (नौ)

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

कार्यालय प्रमुख (सचिव) श्री रामेश्वर दंगाल

सूचना अधिकारी (उपसचिव) श्री देवीप्रसाद सुवेदी

**<u>आयोग मातहत कार्यालयका सूचना अधिकारीको विवरण</u>**

| क्र.सं. | निकायहरुको नाम | पद | सूचना अधिकारीको नाम र थर | सम्पर्क नम्बर | मोबाइल नम्बर |
|---|---|---|---|---|---|
| १. | धनकुटा कार्यालय | शाखा अधिकृत | श्री रमेश घिमिरे | ०२६-५२२१५१ | ९८६०५२८९६४ |
| २. | जलेश्वर कार्यालय | शाखा अधिकृत | श्री बिशाल घिमिरे | ०४४-५२०१४७ | ९७४४३६३९६७ |
| ३. | काठमाडौं कार्यालय | शाखा अधिकृत | श्री पुष्पराज खनाल | ०१-४११५८३३ | ९८५११५७४१७ |
| ४. | पोखरा कार्यालय | शाखा अधिकृत | श्री खड्कबहादुर रोकाय | ०६१-४५३५०६ | ९८५६०८५१४५ |
| ५. | बुटवल कार्यालय | शाखा अधिकृत | श्री हर्कबहादुर रोका | ०७१-५४०२०७ | ९८५६०१०७४४ |
| ६. | सुर्खेत कार्यालय | शाखा अधिकृत | श्री सरस्वती सापकोटा | ०८३-५२०१०६ | ९८५८०७५५०६ |
| ७. | दिपायल कार्यालय | शाखा अधिकृत | श्री आविद अंसारी | ०९४-४४०१४७ | ९७६८७७३३९३ |
| ८. | इलाम कार्यालय | शाखा अधिकृत | श्री कृष्ण सुबेदी | ०२७-५२००६२ | ९८५२६३८६२९ |
| ९. | खोटाङ कार्यालय | शाखा अधिकृत | श्री सीता अधिकारी | ०३६-४२०१७७ | ९८४१०६१८३१ |
| १०. | हेटौंडा कार्यालय | शाखा अधिकृत | श्री बद्रीनाथ सापकोटा | ०५७-५२०३०२ | ९८५५०७९७११ |
| ११. | बाग्लुङ कार्यालय | शाखा अधिकृत | श्री सिताराम राई | ०६८-५२२६४७ | ९८५७६२४१४७ |
| १२. | दाङ कार्यालय | शाखा अधिकृत | श्री नविन पोखरेल | ०८२-५२००१३ | ९७४५६४९९९९ |
| १३. | जुम्ला कार्यालय | शाखा अधिकृत | श्री अषेश तामाङ | ०८७-५२०००८ | ९८५८३२२३१४ |
| १४. | महेन्द्रनगर कार्यालय | शाखा अधिकृत | श्री गंगालाल योगी | ०९९-५२१२०९ | ९८५८७८३९९२ |
| १५. | दरखास्त व्यवस्थापन केन्द्र | शाखा अधिकृत | श्री कल्पना दाहाल | ०१-४७७१२१४ | ९७६८७७१८०३ |

## ११. आयोगका कार्यसञ्चालनमा प्रयोग हुने ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१. नेपालको संविधान

२. लोक सेवा आयोग ऐन, २०७९ तथा लोक सेवा आयोग नियमावली, २०७९

३. निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०

४. नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५

५. न्याय सेवा आयोग ऐन, २०७३ तथा न्याय सेवा आयोग नियमावली, २०७४

६. सङ्घीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ तथा सङ्घीय संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५

७. सङ्गठित संस्थाका कर्मचारीका सेवा सर्त सम्बन्धी कानुन, बढुवा र विभागीय कारबाही सम्बन्धी कानुनी सिद्धान्त, २०७४

८. सुरक्षा निकाय, अन्य सङ्घीय सरकारी सेवा र सङ्गठित संस्थाका पदपूर्तिको लागि लिइने परीक्षाको पाठ्यक्रम सम्बन्धी मापदण्ड, २०७९

९. विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावली

१०. सुरक्षा निकायहरु (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग तथा सङ्गठित संस्थाहरु सम्बन्धी ऐन, नियमावली

११. लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७९

१२. लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरुको आचारसंहिता, २०८३

१३. लोक सेवा आयोगको दोस्रो रणनीतिक योजना (०७९/८०–०८३/८४)

१४. सङ्गठित संस्थाको लिखित परीक्षा (खर्च व्यवस्थापन) सञ्चालन कार्यविधि, २०७७

१५. सङ्क्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७

१६. उत्तरपुस्तिकामा सङ्केत नम्बर कायम राख्ने कार्यविधि, २०७७ (आन्तरिक प्रयोजन)

१७. निजामती सेवा पत्रिका प्रकाशन कार्यविधि, २०८१

१८. लोक सेवा आयोग खर्च (व्यवस्थापन) कार्यविधि, २०८२ (आन्तरिक प्रयोजन)

१९. लोक सेवा आयोगबाट सञ्चालन हुने प्रयोगात्मक तथा सीप परीक्षण परीक्षा (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८२

२०. लोक सेवा आयोग आन्तरिक नियन्त्रण प्रणाली, २०८२

२१. लोक सेवा आयोगबाट जारी विभिन्न निर्देशिका तथा आयोगबाट समय–समयमा भएका निर्णय

२२. सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु

